नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी, भक्तपुर, नेपाल

पत्र संख्या :-

च.नं. :

मिति : २०८२/०६/०५

## हार्दिक अपिल

राष्ट्रिय परीक्षा बोर्डद्वारा समयमै परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन गर्नेतर्फ बोर्ड प्रतिबद्ध रहेको अवस्थामा देशमा उत्पन्न विषम परिस्थितिका कारण परीक्षार्थीले गरेको अनुरोध, अभिभावकको चिन्ता तथा परीक्षा केन्द्रको व्यवस्था र सञ्चालनमा आउन सक्ने प्राविधिक कठिनाइसमेतलाई दृष्टिगत गरी राष्ट्रिय परीक्षा बोर्डबाट २०८२ भदौ २८ र २९ गते सञ्चालन हुने गरी निर्धारण गरिएको कक्षा १२ को मौका (पूरक) परीक्षा मिति २०८२ साल असोज ७ र ८ गते बिहान ११ बजेबाट सञ्चालन हुने गरी मिति २०८२/०५/३१ गते बोर्डको वेबसाइट **https://neb.gov.np** मार्फत र मिति २०८२/०६/०१ गतेको गोरखापत्र दैनिकमा प्रकाशन भएको व्यहोरा सम्बन्धित विद्यार्थी, अभिभावक, विद्यालय तथा शिक्षकहरूमा विदितै छ । सो मितिमा सञ्चालन हुने परीक्षामा परीक्षार्थीहरूले उच्च मनोबलका साथ सहभागी हुन र अभिभावज्यूहरूबाट विद्यार्थीलाई अत्मविश्वासका साथ परीक्षा दिन सहयोग गर्नुहुन अनुरोध छ । उक्त परीक्षालाई मर्यादित एवं व्यवस्थित रूपले सम्पन्न गर्न प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति, जिल्ला परीक्षा समन्वय समिति, स्थानीय पालिकाहरू, केन्द्राध्यक्ष, शिक्षक, कर्मचारी, सुरक्षा निकाय, सञ्चार जगत, सेवा प्रदायक संस्था लगायत सम्पूर्ण सरोकारवालाहरूबाट आवश्यक व्यवस्थापन, सहयोग, समन्वय तथा सहजीकरण हुन राष्ट्रिय परीक्षा बोर्ड हार्दिक अपिल गर्दछ ।

२०८२।६।५

डा. महाश्रम शर्मा
(अध्यक्ष)